# लिसंखु पाखर गाउँपालिका

लिसंखु पाखर गाउँपालिकाद्वारा प्रकाशित

# कृषक अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८२

गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०८२/०१/२३

प्रमाणीकरण मितिः २०८२/०१/२३

प्रमाणीकरण :-

प्रस्तावनाः लिसंखु पाखर गाउँपालिकामा तरकारी, फलफूल खेती, तथा कृषि व्यवसायिकरणको प्रचुर सम्भावनालाई उपयोग गर्दै यस पालिका बासिहरुको मात्र नभई सिंगो देशको लागि अर्थतन्त्र धान्ने बलियो आधारको रुपमा कृषि कार्यलाई व्यवसायिक रुपमा अंगाली यहाको स्थानीय बासिहरुलाई स्थानीय सरकार संचालन ऐन को परिच्छेद ३ मा रहेको गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार को उपदफा (२) ण-१ लाई आधार मानी तोकिएका सुबिधा सुनिश्चित गर्न तथा उत्पादनको क्षेत्रको विस्तार गरी कृषि उपजको उत्पादन र उत्पादकत्व बढाउनका लागि गाँउ कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कृषिमा आत्मनिर्भर तथा व्यवसायिकरणका लागि कृषक अनुदान कार्यक्रम कार्यविधि २०८२" रहने छ।

(२) यो कार्यविधि लिसंखु पाखर गाउँपालिकाको कार्यपालिकाबाट स्वीकृत मिति २०८२ साल वैशाख २३ गते देखि तुरुन्त लागु हुनेछ।

२. **परिभाषाः** (१) विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"कार्यक्रम"** भन्नाले कृषि व्यवसायिकरणका लागी कृषक, कृषक समूह, कृषि सहकारी, कृषि तथा पशु फर्महरुबाट माग भई आएका कृषि कर्म सम्बन्धि उन्नत प्रविधि, मेशिन औजार, तालिमहरु र आवश्यक सामाग्री सहितको कार्यक्रम भन्ने बुझ्नु पर्छ।

(ख) **"आत्मनिर्भर"** भन्नाले आफ्ना उत्पादनले आफ्नै वा आन्तरिक आवश्यकताको परिपूर्तीलाई बुझाँउदछ।

(ग) **"व्यवसायिकरण"** भन्नाले निर्वाहमुखी तथा छरिएर रहेको कृषि उत्पादन प्रणालीलाई आधुनिक, सघन, प्रतिस्पर्धी एवं व्यवसायमुखी बनाउनु हो भन्ने बुझ्नु पर्छ।

(घ) **"कार्यालय/ गाउँपालिका"** भन्नाले लिसंखु पाखर गाउँपालिका गाँउ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्ने छ।

(ङ) **"शाखा"** भन्नाले लिसंखु पाखर गाउँपालिकाको कृषि विकास शाखालाई सम्झनुपर्ने छ।

(च) **"कार्यविधि"** भन्नाले "लिसंखु पाखर गाउँपालिका कृषक अनुदान कार्यक्रम संचालन कार्यविधि,२०८२" सम्झनुपर्नेछ।

(छ) **"आवेदक"** भन्नाले लिसंखु पाखर गाउँपालिकाको वार्षिक कार्यक्रम सम्बन्धि संचालन गर्न आवेदन दिएका कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्मलाई सम्झनुपर्नेछ।

(ज) **"प्राविधिक"** भन्नाले लिसंखु पाखर गाउँपालिकाको कृषि विकास शाखा अन्तर्गत खट्ने कर्मचारीहरु सम्झनु पर्नेछ।

(झ) **"वडाहरु"** भन्नाले लिसंखु पाखर गाउँपालिकाका ७ वटै वडा सम्झनु पर्नेछ।

(ञ) **"प्रमुख"** भन्नाले लिसंखु पाखर गाउँपालिकाका अध्यक्ष सम्झनु पर्दछ।

(ट)**" उपप्रमुख"** भन्नाले लिसंखु पाखर गाउँपालिकाका उपाध्यक्ष सम्झनु पर्दछ।

(ठ)**" अनुगमन समिति"** भन्नाले लिसंखु पाखर गाउँपालिकाको गठित अनुगमन समिति सम्झनु पर्दछ।

## परिच्छेद-२

३. **उद्देश्यहरूः** यस कार्यविधिको प्रमुख उदेश्य कृषिमा आत्मनिर्भर तथा व्यवसायिकरणका लागि कृषक अनुदान दिनुका साथै अन्य देहाय बमोजिम हुनेछन्।

(क) तरकारी तथा फलफूल खेतीको उत्पादन र उत्पदकत्वमा वृद्धि गर्ने।

(ख) कृषि आधुनिकीकरण र व्यवसियिकरणमा जोड दिँदै कृषिमा आत्मनिर्भर हुने।

(ग) युवाहरुको लागि स्थानीय स्तरमानै रोजगारीको अवसरहरु सृजना गर्ने।

(घ) कृषि उत्पादनहरुको विशिष्टिकृत क्षेत्रको निर्माण गरी लिसंखु पाखर गाउँपालिका भित्रको मागलाई पुरा गर्दै अन्यत्र पनि निर्यात गर्ने।

४. **कार्यक्रम संचालन प्रक्रिया**

(१) **सूचना प्रवाहः** लिसंखु पाखर गाउँपालिका भित्रका कृषि पेशामा संलग्न कृषक समूह/कृषि सहकारी/फर्म/ कम्पनी/ कृषि उद्यमी तथा कृषकहरुलाई सहभागीताको लागि लिसंखु पाखर गाउँपालिकाले **अनुसूची १** बमोजिम १५ दिनको सार्वजनिक सूचना प्रकाशित गरि प्रस्ताव आव्हान गर्ने छ।

राजु लामा
अध्यक्ष

लिसंखु पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश नेपाल
२०७३

राजु लामा
अध्यक्ष

(२)अनुदान माग गर्ने कृषक समूह/कृषि सहकारी/फर्म/ कम्पनी/ कृषि उद्यमी तथा कृषकहरुले वडाको सिफारिस सहित **अनुसूची २** मा भए बमोजिमको निवेदन कृषि विकास शाखामा पेश गरि आवेदन दर्ता गराउनु पर्ने छ। व्यवसायिक योजनाको ढाँचा **अनुसुची ७** बमोजिम र प्रस्तावनाको ढाँचा **अनुसुची ८** बमोजिम हुनेछ ।

(३)सुचनाको मिति समाप्त भए पश्चात कृषि विकास शाखाले पेश भएका आवेदनहरुलाई EXCELL SHEET मा विवरण भरि **अनुसूची ३** अनुसारमा उल्लेखित मापदण्ड अनुसार मुल्याङ्कन गर्नेछ।

(४)**छनौट प्रक्रिया**: पेश भएका आवेदकहरुलाई **अनुसूची ३** अनुसारको मापदण्डमा प्राप्त प्राप्ताङ्क अनुसार शाखाले छनौटका लागि कार्यपालिकामा विषयगत समिति अथवा लिसंखु पाखर गाउँपालिकामा गठित **अनुदान सिफारिस समिति** समक्ष सिफारिस गर्ने छ। प्राथमिकताको आधारमा कार्यपालिकाको वैठकमा पेश गरि कार्यपालिकाले निर्णय गर्ने छ।

(५)**छनौटमा परेका** कृषक समूह/कृषि सहकारी/फर्म/ कम्पनी/ कृषि उद्यमी तथा कृषकहरुलाई **अनुसूची** ४ अनुसार सम्झौताका लागि ७ दिने सूचना प्रकाशन गरि **अनुसूची** ५ अनुसार दुई पक्ष (पहिलो पक्ष -लिसंखु पाखर गाउँपालिकाको कार्यपालिका र दोस्रो पक्ष-अनुदान ग्राहीबिच) सम्झौता गरिने छ।

**५. अनुदान सिमा**:

(१) लिसंखु पाखर गाउँपालिकाद्वारा विनियोजित बजेटका आधारमा छनौटमा परेका कृषक समूह/कृषि सहकारी/फर्म/ कम्पनी/ कृषि उद्यमी तथा कृषकहरुलाई आवश्यकता, व्यवसायिक योजना र लागत साझेदारी अनुसारको कृषि सामाग्रीमा ७५% सम्म अनुदान दिन सक्ने छ।

(२)प्राविधिक खरिद कार्य गाउँपालिकाको खरिद समिति बाट सार्वजनिक खरिद नियमावली (चौधौं संशोधन) २०८२ अनुसार रहने छ।

**६. अनुदान वितरण**: अनुसूची ५ मा उल्लेख भएका शर्त पुरा गरे पछि मात्रै गाउँपालिकाको खरिद समिति बाट सार्वजनिक खरिद नियमावली (चौधौं संशोधन) २०८२ अनुसार सामाग्री खरिद गरि शाखाले वितरण गर्ने छ।

राजु लामा
अध्यक्ष

## परिच्छेद-३

## विविध

७. **कार्यक्रम व्यवस्थापन, अनुगमन तथा निरिक्षणः** अनुदानको सामाग्री वितरण गर्नु अघि र वितरण गरिसकेपछि पुःन लिसंखु पाखर गाउँपालिका कृषि शाखाले वा अनुदान सिफारिस तथा अनुगमन समितिले अनुसूची ६ को लिस्ट अनुसार अनुगमन गरिने छ।

८. **कारबाहीको व्यवस्थाः** कार्यक्रममा छनौट भएका अनुदान ग्राहीले अनुसुची ५ बमिजिम सम्झौता अनुसार कार्य नगरे वा प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाईएमा नेपाल सरकारको कानुन बमोजिम साथै निम्न कारबाही गरिने छ।

(१) सरकारि सेवा/ अनुदान/ पंजीकरण/ सिफारिस आदि कार्यबाट वञ्चित गरिनेछ।

(२) सामाजिक सुरक्षा सेवा रोक्ने।

(३) कालो सुचिमा प्रकाशन गर्ने।

९. **संशोधन वा हेरफेरः** कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्ने छ।

१०. **बाधा अड्काउ फुकाउः** यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा भएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

## परिच्छेद-४

## समिति सम्बन्धि व्यवस्था

११. **कृषक अनुदान कार्यक्रम अनुदान सिफारिस समितिः** (१) कृषक अनुदान सम्बन्धि कार्य संचालन तथा व्यवस्थापनका सम्बन्धमा अनुदान सिफारिस गर्नका लागि देहाय बमोजिम एक कृषक अनुदान कार्यक्रम अनुदान सिफारिस समिति रहनरछः

| | | |
|---|---|---|
| (क) | गाउँपालिकाको अध्यक्ष | -संयोजक |
| (ख) | आर्थिक विकास समिति संयोजक | -सदस्य |
| (ग) | कार्यपालिका को सदस्य २ जना | -सदस्य |
| (घ) | प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (ङ) | पशुपन्छी शाखा प्रमुख | -सदस्य |
| (च) | कृषि शाखा प्रमुख | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले बैठक आवश्यकता अनुसार बस्नेछ र वार्षिक रुपमा कम्तिमा पनि एक पटक बस्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिका अध्यक्षको निर्देशन अनुसार सदस्य सचिवले बैठकमा सम्बन्धित विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले कृषक अनुदान कार्यक्रम कार्यन्वयनका लागि आवश्यकता अनुसार काम, कर्तव्य, अधिकार समेत तोकी उपसमिति गठन गर्न सक्नेछ।

१२. **कृषक अनुदान कार्यक्रम अनुगमन समितिः (१)** कृषक अनुदान सम्बन्धि कार्य संचालन तथा व्यवस्थापनका सम्बन्धमा आवश्यक अनुगमनका लागि लिसंखु पाखर गाउँपालिकाको उपाध्यक्ष संयोजक रहने अनुगमन समितिले नै यस अनुदान कार्यक्रमको अनुगमन गर्ने व्यवस्था रहने छ।

(२) उपदफा (१) बमोजिमको समितिले बैठक आवश्यकता अनुसार बस्नेछ र वार्षिक रुपमा कम्तिमा पनि दुई पटक बस्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिका अध्यक्षको निर्देशन अनुसार सदस्य सचिवले बैठकमा सम्बन्धित विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले कृषक अनुदान कार्यक्रम कार्यन्वयनका लागि आवश्यकता अनुसार काम, कर्तव्य, अधिकार समेत तोकी उपसमिति गठन गर्न सक्नेछ।

१३. **पालिका स्तरीय कृषक समूहः (१)**पालिका आफैंले गठन गरेको कृषक समूहको हकमा PAN/VAT नचाहिने।

(२) उपदफा (१) बमोजिमको साना समूहहरुबाट मुल समिति बन्नेछ ।

(३) उपदफा (२) बमोजिमको समिति चाहिँ PAN/VAT मा जानेछ ।

राजु लामा
अध्यक्ष

## अनुसुची १

### दफा ४ उपदफा १ सँग सम्बन्धित

### कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सुचना ढाँचा

लिसंखु पाखर गाउँपालिका कृषि विकास शाखा अन्तर्गत आ.व ...............को लागि वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तपशिल को "कृषक अनुदान कार्यक्रम" सञ्चालन गर्नका लागि आवश्यक माग अनुसार मा ७५% अनुदान दिईने हुदाँ इच्छुक कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फर्महरुले प्रथम पटक सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र अर्थात ......... गते भित्र यस लिसंखु पाखर गाउँपालिकाको कृषि विकास शाखामा आवेदन पेश गर्नका लागि सम्बन्धित सबैमा यो सुचना प्रकाशित गरिएको छ। साथै यस विषयमा थप जानकारीका लागि गाउँपालिकाको कृषि विकास शाखामा सम्पर्क गर्न सकिनेछ ।

तपशिल

| क्रस | कार्यक्रमको नाम | अनुदान रकम | कैफियत |
|---|---|---|---|
| १ | आ.व........ मा कृषक अनुदान कार्यक्रम | ७५ % अनुदानमा आधारित | यस कार्यक्रममा गर्न सकिने क्रियाकलापहरु लिसंखु पाखर गाउँपालिकाद्धारा प्रकाशित "कृषक अनुदान कार्यक्रम सञ्चालन कार्यविधि,२०८२" अनुसार हुनेछ । |

आवश्यक कागजात

१. माग सम्बोधन भएको निवेदन।
२. नागरिकताको प्रमाण पत्र प्रतिलिपि।
३. लालपुर्जाको प्रतिलिपि।
४. व्यवसाय दर्ताको प्रमाण पत्र प्रतिलिपि (व्यवसायिक कृषकको हकमा)।
५. सम्बन्धित वडा कार्यालयको सिफारिस।
६. व्यवसायिक योजना भएमा त्यसको ढाँचा ।
७. प्रस्तावना (व्यक्तिको हकमा अनिवार्य नभएको तर भएमा उत्तम)।
८. पालिका आफैंले गठन गरेको कृषक समूहको हकमा स्थायी लेखा नम्बर (PAN ) नचाहिने।
९. सहकारी, साझेदारी फर्म तथा कृषक समुहले माग गरेको खण्डमा निर्णयको प्रतिलिपि, दर्ता तथा स्थायी लेखा नम्बर (PAN ) प्रमाण पत्रको प्रतिलिपि

## अनुसुची २

## दफा ४ को उपदफा २ सँग सम्बन्धित

## कार्यक्रमका लागि प्रस्ताव पेश गर्नेको लागि निवेदन ढाँचा

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
लिसंखु पाखर गाउँपालिका
अत्तरपुर, सिन्धुपाल्चोक।

विषय – कार्यक्रममा सहभागी गरिदिनु हुन सम्बन्धमा ।

प्रस्तुत विषयमा यस लिसंखु पाखर गाउँपालिका कृषि शाखाको चालु आ.व. .............को लागि वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत मिति ........गतेको प्रकाशित सुचना अनुसार .............. कार्यक्रम संचालनका लागि मेरो/ हाम्रो ..................... माग रहेको हुँदा म / हामीलाई पनि सहभागी गरिदिनुहुन विनम्र अनुरोधका साथ आवश्यक कागजात सहित यो निवेदन पेश गर्दछु / गर्दछौ ।

निवेदक

कृषक/ कृषक समुह / सहकारी /संस्थाको नाम
निवेदक
पद
सम्पर्क नं.
संस्थाको छाप

लिखु पिके गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अतरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## अनुसुची ३

### दफा ४ उपदफा ३ सँग

| क्र.स. | मापदण्ड | पुर्णाङ्क |
|---|---|---|
| १. | व्यवसायिक कृषक/ कृषक समुह / सहकारी /संस्था | २० |
| २. | सम्बन्धित विषय सँग दुई वर्ष देखि संलग्न हुदै आएको | १० |
| ३. | विगत २ वर्ष देखी सोहि प्रकारको अनुदान नलिएको | २० |
| ४. | विपन्न, दलित, महिला, अपाङ्गता तथा अपाङ्गता संरक्षक | १० |
| ५. | व्यवसायिक योजना सहित आउने कृषक | २० |
| ६. | बैदेशिक रोजगार बाट फर्केका युवाहरु | २० |
| जम्मा | | १०० (कम्तिमा ४० अंक प्राप्त गर्ने कृषकहरु अनुदान तथा तालिमका लागि योग्य मानिनेछ।) |

राजु लामा
अध्यक्ष

अनुसुची ४

दफा ४ को उपदफा ५ सँग सम्बन्धित

कार्यक्रमका लागि छनौटमा पर्नेहरुका लागि सम्झौताको लागि सुचना ढाँचा

लिसंखु पाखर गाउँपालिका कृषि विकास शाखा अन्तर्गत चालु आ.व. ..............को लागि वार्षिक स्वीकृत कार्यक्रम अनुसार ................. अनुदान कार्यक्रम संचालनका लागि मिति .....................गते सुचना प्रकाशित भई पेश भएका प्रस्तावहरु मध्ये तपशिलका कृषक / कृषक समुह / कृषि सहकारी/ कृषि तथा पशु फर्महरु छनौटमा परेको हुँदा यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र लिसंखु पाखर गाउँपालिका कृषि विकास शाखामा सम्झौताका लागि सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा यो सुचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.न | उम्मेदवारको नाम थर | सम्पर्क नम्बर | ठेगाना |
|---|---|---|---|
| १. | | | |
| २. | | | |

................................

प्रमुख प्रशासकीय अधिकृत

लिसंखु पाखर गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय
अतरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

## अनुसुची ५

### दफा ४ उपदफा ५ सँग सम्बन्धित

### (कार्यक्रम संचालनको लागि गरिने सम्झौता पत्र)

लिसंखु पाखर गाउँपालिकाको कृषि विकास शाखा मार्फत संचालन गरिने आ.व. ..............को वार्षिक स्वीकृत कार्यक्रम .......................अनुदान कार्यक्रम संचालनका ...........कार्यालय (यस भन्दा पछाडी पहिलो पक्ष भनिने ) विशिष्टताका आधारमा छनौट भएका ...........................(यस भन्दा पछाडी दोस्रो पक्ष भनिने ) बीच तपसिलका शर्तमानहरु गरि/ गराई कार्यक्रम सम्पन्न गर्न सहमति भएको छ ।

यो सम्झौता पत्र सम्झौता भएको मिति २०...........देखि प्रारम्भ भएको मानिने छ ।

१. यस सम्झौता बमोजिम पहिलो पक्षले सम्झौता पश्चात दोस्रो पक्षको अनुगमन गरि मापदण्डमा परेका कृषकलाई मात्र अनुदानको सामाग्री वितरण गरिने छ ।
२. दोस्रो पक्षले पहिलो पक्षसँग सम्झौता गरेको मितिले ७ दिन भित्र काम सुरु गरिसक्नुपर्ने छ।
३. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्ष बाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।
४. यो सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै प्राकृतिक प्रकोप / भविष्यको पूर्ण जिम्मेवारी दोस्रो पक्ष स्वयम आफै हुने छ ।
५. दोस्रो पक्षको लापरबाहिको कारण बाट कार्य सम्पन्न भए पछि हानी नोक्सानी भएमा सम्पुर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।
६. सामाग्री बुझ्न आउदा दोस्रो पक्षले कम्तिमा २ वटा (काम सुरु हुनु अघि र सुरु भए पश्चातको कृयाकलापको) फोटो पनि पहिलो पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।
७. सम्झौता बमोजिम कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम हुने छ।
८. आवश्यक परेको खण्डमा कृषि शाखामा संलग्न कृषि प्राविधिकहरुद्धारा तालिमको व्यवस्था गरिनेछ।

| पहिलो पक्ष | रोहवर | दोस्रो पक्ष |
|---|---|---|
| नाम थर - | कृषि विकास शाखा | नाम - |
| पद – | नाम - | पद |
| दस्तखत – | पद- | दस्तखत- |
| कार्यालयको छाप - | दस्तखत- | सम्पर्क नं- |
| | | कार्यालयको छाप - |

राजेन्द्र लामा
अध्यक्ष

## अनुसुची ६

## परिच्छेद ३ दफा ७ सँग सम्बन्धित

## कार्यक्रमका अनुगमनका लागि चेक लिस्ट

लिसंखु पाखर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

अत्तरपुर, सिन्धुपाल्चोक

लिसंखु पाखर गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषक अनुदान कार्यक्रमको अनुगमन फारम

| | | | | | |
|---|---|---|---|---|---|
| | अनुदानग्राहिको नाम | | | | |
| | ठेगाना | | | | |
| | सम्पर्क नं. | | | | |
| | मिति | | | | |
| क्र.स. | प्रश्नावली/मापदण्ड | छ | छैन | परिणाम/अवस्था | कैफियत |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

अनुगमनमा उपस्थित

१. ..........................

२. ..........................

राजु लामा
अध्यक्ष

अनुसुची ७

## व्यवसायिक योजनाको ढाँचा

### व्यवसायिक कृषक वा उद्यमीको प्रोफाइल

- कृषक/ उद्यमीको नाम, थर -
- कृषक समुह/ सहकारी/ कम्पनी/ संस्थाको नाम -
- व्यवसाय संचालन हुने स्थान (प्रदेश/ जिल्ला/ पालिका/ वार्ड/ गाँउ)-
- कृषक/ उद्यमी वा समूहको शैक्षीक योग्यता तथा हाँसिल गरेको अनुभव-

### भाग (१) बजारीकरण योजना

१.१. उत्पादित उपज के, कहाँ र कसलाई बेच्ने हो?

उत्पादन गर्ने वस्तुको नाम -

उत्पादनको बजार क्षेत्र -

उत्पादन गर्ने स्थान -

उत्पादन लक्ष -

### भाग (२) उत्पादन योजना

२.१. उत्पादन (व्यवसाय) गर्ने उपज के हो ?

२.२. उक्त उत्पादित उपजको परिचय तथा विशेषता के हो ? आकार, गुण, प्रकार, रंग, विशेषता, उपयोग र त्यसका फाइदाहरुको बारेमा छोटो वर्णन।

२.३. उक्त उत्पादित उपज कति मात्रामा उत्पादन गर्ने हो ? उक्त उत्पादित उपजको समय (महिना र दिन) अनुसार उत्पादन अवधि र मात्रा गरि प्रस्तुत गर्ने।

राजु लामा
अध्यक्ष

## भाग (३) खर्च योजना

३.१. व्यवसायका लागि उत्पादन अवधिमा आवश्यक स्थिर सम्पति:(कुटो, कोदालो, हलो, स्प्रेयर जस्ता औजरहर, गोदाम तथा भण्डारण घर, उपकरण इत्यादि जसका आयु १ वर्ष भन्दा बढी टिकाउ हुने सामानहरु:)

| क. सं | स्थिर सम्पति/ सामान विवरण | परिमाण (१) | इकाई मूल्य (२) | जम्मा मूल्य (३) | टिकाउ वर्ष (४) | ह्रासकट्टी रु. (३/४) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | कुल जम्मा स्थिर पूंजी | | | (क) | | (ख) |

३.२. व्यवसायका लागि उत्पादन अवधिमा आवश्यक कच्चा पदार्थ र लागत (परिवर्तनशिल खर्च जस्तैः विउ, कम्पोष्ट मल, रासायनिक मल, वोरा, प्लाष्टिक, विषादी, सुक्ष्म तत्व, क्रेट, इन्धन आदि)

| क. सं | कच्चा पदार्थको/ उत्पादन सामाग्रीको नाम | परिमाण | प्रति ईकाई मूल्य | जम्मा मूल्य | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

राजु लामा
अध्यक्ष

३.३. व्यवसायका लागि उत्पादन अवधिमा आवश्यक श्रमिक/कामदार खर्च (जस्तैः जमिन तयारी, जनश्रम, पशुश्रम, मेशिन खर्च, मल राख्दा लाग्ने श्रम, विषादी छर्ने, बीउ बिरुवा रोप्ने, सिंचाई गर्ने, गोडमेल, हारभेष्ट आदि)

| क.सं | कामदारको विवरण | संख्या | दर | जम्मा ज्याला |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | जम्मा | | | |

३.४. जम्मा चल (प्रत्यक्ष) खर्च = उत्पादन सामाग्रीको खर्च (नं ३.२)+कामदारको ज्याला (नं ३.३)

३.५. अन्य खर्चः उत्पादन अवधिमा साधारणतया निम्न खर्चहरु नियमित रुपमा उत्पादन नभए पनि भैरहने स्थिर खर्च हुन् ।

| क. सं | अन्य खर्चको विवरण | ईकाई | दर | जम्मा खर्च | कैफियत |
|---|---|---|---|---|---|
| (क) | घर तथा जग्गा भाँडा | | | | |
| (ख) | बिजुली, पानी, टेलिफोन महशुल | एकमुष्ट | | | |
| (ग) | व्यवसायको विमा | | | | |
| (घ) | सामान ढुवानी, यातायात | | | | |
| (ङ) | व्यापार प्रवर्द्धन खर्च | | | | |
| (च) | मसलन्द | | | | |
| | जम्मा | | | | |

राजु लामा
अध्यक्ष

३.६ उत्पादन अवधिमा जम्मा लाग्ने खर्चहरु।

नं ३.४. को जम्मा चल (प्रत्यक्ष) खर्च -

नं ३.५ को जम्मा अन्य (स्थिर) खर्च -

उत्पादन अवधिमा हुने जम्मा खर्च -

३.७. प्रति इकाई लागत (लट/ अर्धवार्षिक/ वार्षिक) - कुल लागत/कुल उत्पादन परिमाण

- रु ....../केजी

| क. सं | लागत विवरण | कुल लागत रकम | उत्पादन | प्रति इकाई लागत |
|---|---|---|---|---|
| (क) | कच्चा पदार्थको खर्च (३.२) | | | कुल लागत रकम/कुल उत्पादन परिमाण |
| (ख) | कामदार खर्च (३.३) | | | |
| (ग) | अन्य खर्च (३.५) | | | |
| | जम्मा | | | |

## भाग (४) वित्तिय योजना

४.१. कुल संचालन (चालू) पूंजी

(नं. ३.६) को उत्पादन अवधिमा लाग्ने खर्च वा रकम -

४.२. कुल पूंजी कति चाहिन्छ?

स्थिर पूंजी (नं. ३.१ क) -

संचालन (चालू) पूंजी (नं. ४.१) -

| | | |
|---|---|---|
| (क) | पूंजी (नं. ३.१ क + ४.१) | |
| | अनुमानित उधारो बिक्री | |
| | व्यवसाय स्थापना खर्च | |
| (ख) | जम्मा आवश्यक पूंजी (क) सहित (१) | |
| | आफूले लगानी गर्ने पूंजी (२) | |

[stamp]

| | | |
|---|---|---|
| | आवश्यक पर्ने कर्जा/ ऋण (३) | ख(१-२) |
| | कर्जा/ ऋणको स्रोत | |
| | वार्षिक कर्जा/ ऋणको व्याज दर (४) | |
| (ग) | कर्जा/ ऋण चुक्ताको लागि वार्षिक रकम (५) | (३+४) |

४.३. उत्पादित उपजको विक्रीबाट आम्दानी कति हुन्छ?

| क्र. सं. | वस्तुको नाम | ईकाई | परिमाण | दर | जम्मा मूल्य |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | कूल जम्मा | | | | |

४.४. नाफा वा नोक्सान के हुन्छ?

| | | |
|---|---|---|
| जम्मा आम्दानी (१) | (नं ४.३) | |
| जम्मा खर्च (२) | (नं ३.६) | |
| कूल आवधिक नाफा वा नोक्सान (३) | (नं ४.४ क) | (१)-(२) |
| कर्जा/ ऋण चुक्ताको खर्च (घटाउने) (४) | (३) - (नं ४.२ ग) | |
| ह्रासकट्टी (घटाउने) (५) | (४) - (नं ३.१ ख) | |
| खूद आवधिक नाफा वा नोक्सान | (नं ४.४ ख) | (५) |

| | | |
|---|---|---|
| ४.५. | लगानीको प्रतिफल | खूद नाफा (नं ४.४) *१००% / कूल पूंजी लगानी (नं ४.२ क) |
| ४.६. | पारबिन्दु (नाफा कमाउन कम्तिमा कति उत्पादन तथा विक्री गर्नुपर्छ?) | |
| | पारविन्दु | स्थीर खर्च (नं ३.५ + ४.२ ख + ३.१ ख)*१०० % / कूल आवधिक नाफा (४.४ क) |
| ४.७. | लगानी फिर्ता अवधी | कूल पूंजी लगानी (नं ४.२) / खूद नाफा (नं ४.४ ख) |

**निष्कर्ष**

माथिको व्यवसायिक योजना लाई लगानीमा प्रतिफल ..........% र पारविन्दु ..........% देखाएको हुनाले साथै व्यवसायको लगानी उठ्न पनि लामो समय नलाग्ने हुनाले यो व्यवसाय संचालन गर्न उपयुक्त देखिन्छ।

अध्यक्ष

अनुसुचि ८

प्रस्तावनाको ढाँचा

- परिचय
- लक्ष
- उदेश्य
- संचालन विधि
- जनशक्ति परिचलन
- सम्पादित क्रियाकलापहरु
- लागत निर्धारण
- मूख्य उपलब्धीहरु
- अवसर एवं चुनौतिहरु
- निष्कर्ष

आज्ञाले

नाम,थर : बीर बहादुर बस्नेत

पद : प्रमुख प्रशासकीय अधिकृत

मिति : २०८२/०१/२३